# रैनादेवी छहरा गाउँपालिका

## कृषि तथा पशुपन्छी फर्म दर्ता कार्यबिधि- २०७९

रैनादेवी छहरा गाउँपालिका

छहरा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

## पृष्ठभुमि :

कृषि तथा पशु पन्छी क्षेत्रको उत्पादनलाई परम्परागत तथा निर्वाहमुखी अबस्थाबाट दिन प्रतिदिन आधुनिक तवरले व्यावसायीकरण गरेर प्रतिस्प्रधी रुपमा सक्षम बनाउन आबश्यक छ |यसका लागि पशुपन्छी/ कृषिजन्य उत्पादन, प्रशोधन तथा बजारीकरण गरि कृषकलाई थप बढी प्रतिस्प्रधी तथा उत्पादनमुखी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभाबकारी एबम पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्याउने र कृषि/ पशु व्यवसायलाइ आर्थिक उपार्जन, स्वरोजगार प्रवार्धन एबम गरिवी न्युनिकरंको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउनुको साथै बढ्दो बैदेशिक पलायन दरलाई निरुत्साहित गरि यस गाउँपालिकामा कृषि तथा पशुपालन व्यवसायको माध्यमबाट गाउँपालिकालाइ आवश्यक पशु तथा कृषि जन्य मागलाई पूर्ति गरि बढी भएको उत्पादन गाउँपालिका बाहिर निर्यात गरि कृषि तथा पशुपालन व्यावसायबाट कृषकको जीवनस्तर उकास्नुको साथै यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाइ सहज, सरल पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न रैनादेवी छहरा गाउँपालिका कृषि व्यवसाय प्रवर्द्धन गर्ने ऐन,२०७५ को परिच्छेद ७ को दफा २८ ले यो कार्यविधि जारि गरेको छ |

## १.प्रारम्भ

### क.संक्षिप्त नाम र प्रारम्भ :

१. यो कार्यविधिको नाम "कृषि तथा पशुपन्छी फर्म दर्ता कार्यविधि २०७९" रहेको छ |

२. यो कार्यविधि रैनादेवी छहरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ |

**२) परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क."**गाउँपालिका**" भन्नाले रैनादेवी छहरा गाउँपालिका सम्झनु पर्दछ |

ख."**कार्यालय** " भन्नाले रैनादेवी छहरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ |

ग."**कृषि समिति** " भन्नाले रैनादेवी छहरा गाउँपालिकाको कृषि समिति सम्झनु पर्दछ |

रुक्माङ्गत भट्टराई
अध्यक्ष

घ."शाखा " भन्नाले रैनादेवी छहरा गाउँपालिका कृषि तथा पशु सेवा शाखा सम्झनु पर्दछ |

ङ."निजि फर्म" भन्नाले एकल वा साझेदारी स्वामित्यमा रही यस शाखामा दर्ता भएको फर्म सम्झनु पर्दछ |

च."कार्यविधि " भन्नाले कृषि तथा पशुपन्छी फर्म दर्ता कार्यविधि २०७९ सम्झनु पर्दछ |

## ३. उद्देश्यहरु :

क.कृषि तथा पशु सेवा शाखाका कार्यक्रम संचालन सहयोग पुर्याउने |.

ख.गाउँ सभाबाट विनियोजित रकमलाई पारदर्शी बनाइ संचालन गर्न सहयोग पुग्ने |

ग.सम्भाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने |

घ.गाउँपालिकालाइ तरकारी,दुध,मासु, अण्डा र माछामा आत्मनिर्भर बनाइ निर्यात गर्न सहयोग गर्ने,

ङ.कृषि/पशु व्यवसायको उद्धमसिलता प्रबर्धन एबम व्यावसायीकरण गर्नका लागि आवश्यक प्रबिधि तथा सीपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने |

च. कृषि/पशु व्यावसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्यूनीकरण गर्ने |

छ.कृषि/पशु व्यावसायलाइ प्रभावकारी तरिकाले संचालन गर्नकालागि विभिन्न प्रकारका बिउ,रसायनिक मल, कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा संचालन गर्ने |

## परिच्छेद २

रुक्माङ्गत भट्टराई
अध्यक्ष

## ४.कृषि तर्फको फर्म दर्ता प्रक्रिया :

यस गाउँपालिका भित्र कृषि पेशा गर्दै आइरहेका अगुवा कृषकले आफ्नो फर्म गाउँपालिकामा दर्ता गर्न चाहेमा वडाका कृषि प्रविधिक वा कृषि शाखाबाट फिल्ड अवलोकन गरि फर्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि शाखामा फर्म दर्ता गरिनेछ।

## ५.कृषि फर्म दर्ताको न्युनतम मापदण्ड :

### १.प्लाष्टिक टनेल खेती :

- ✓ प्लाष्टिक टनेल कम्तिमा ५/१० मिटरको ५ वटा टनेल निर्माण गरि तरकारी उत्पादन गरेको हुनु पर्नेछ।

### २. खुल्ला तरकारी खेती :

- ✓ यस तरिकाबाट तरकारी खेती गर्दा कम्तिमा ३ रोपनी भन्दा बढीमा व्यावसायिक रुपमा तरकारी बाहै महिना उत्पादन गरेको हुनुपर्नेछ।

### ३.फलफूल खेती :

- ✓ फलफूल खेतीहरु जस्तैः सुन्तालाजात फलफूल ,आप,लिची,केरा, मेवा आदिको हकमा व्यावसायिक रुपमा ५ रोपनी भन्दा बढीमा फलफूल खेति गरिएको हुनु पर्नेछ।

### ४.च्याउ खेती :

- ✓ च्याउ खेति व्यावसायिक रुपमा करिब २ वटा डुम हाउस (५/१० मिटर )निर्माण गरि खेति गरेको हुनुपर्नेछ।

### ५.मौरी पालन:

- ✓ मौरी पालनको हकमा आधुनिक घार २५ वटा भन्दा बढी पालन गरेको हुनुपर्ने,

रुक्माङ्गत भट्टराई
अध्यक्ष

## ६.फर्म दर्ताको लागि आबश्यक प्रक्रिया

- ✓ निवेदन
- ✓ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- ✓ २ प्रति पासपोर्ट साइजको फोटो
- ✓ चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- ✓ चौकिल्ला प्रमाणितमा हस्ताक्षर गरेका व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि
- ✓ जागा भाडामा भए सो को सम्झौता पत्र
- ✓ व्यक्तिगत वा संगालोमा भए स्वघोशणा/ मंजुरिनामा
- ✓ राजश्व बुझाएको रसिद (आर्थिक ऐन अनुसार )
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस
- ✓ न्युनतम मापदण्ड अनुसार व्यावसाय सुरु गरिसकेको वा व्यावसाय नवीकरणको हकमा वडाको कृषि प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

## परिच्छेद ३

## ७ .पशुपन्छी फर्म दर्ताको मापदण्ड :

### १.व्यावसायिक गाइ/भैसी फर्मको वर्गीकरण :

यस फर्मलाइ ३ वर्गमा विभाजन गरिएको छ।

### क.साना व्यावसायिक गाई/ भैसी फर्म :

५-१० वटा गाई/भैसी पालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फर्मलाइ मानिने छ।

### ख. मझ्यौला व्यावसायिक गाई/भैसी फर्म :

११-२० वटा गाई/भैसी पालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फर्मलाइ मानिने छ।

रुक्माङ्गत भट्टराई
अध्यक्ष

**ख. ठुला व्यावसायिक गाई/भैसी फर्म :**

२१ वटा गाई/भैसी पालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फर्मलाइ मानिने छ।

**२ व्यावसायिक बाख्रा फर्मको वर्गीकरण:**

यस फर्मलाई ३ भागमा बिभाजन गरिएको छ।

**क.साना व्यावसायिक बाख्रा फर्म :**

२०-३० वटा माउ बाख्रा पालन गरि व्यावसाय सुरु गरेको फर्मलाइ मानिने छ।

**ख.मझ्यौला व्यावसायिक बाख्रा फर्म :**

३१-५० वटा माउ बाख्रा पालन गरि व्यावसाय सुरु गरेको फर्मलाइ मानिने छ।

**ग.ठूला व्यावसायिक बाख्रा फर्म :**

५१ वटा भन्दा बढी माउ बाख्रा पालन गरि व्यावसाय सुरु गरेको फर्मलाइ मानिने छ।

**३. व्यावसायिक बंगुर फर्मको वर्गीकरण:**

यस फर्मलाई ३ भागमा बिभाजन गरिएको छ।

**क.साना व्यावसायिक बंगुर फर्म :**

पाठापाठी उत्पादनको लागि भए ५ -१० वटा माउ बंगुर र मासुकालागी भए १०-१५ वटा बंगुर पालन गरि व्यावसाय सुरु गरेको फर्मलाइ मानिने छ।

**ख.मझ्यौला व्यावसायिक बंगुर फर्म :**

पाठापाठी उत्पादनको लागि भए ११-२० वटा माउ बंगुर र मासुकालागी भए १६-२५ वटा बंगुर पालन गरि व्यावसाय सुरु गरेको फर्मलाइ मानिने छ।

**ग. ठूला व्यावसायिक बंगुर फर्म :**

कमाङ्गल भट्टराई
अध्यक्ष

पाठापाठी उत्पादनको लागि भए २१ वटा माउ बंगुर भन्दा बढी र मासुकालागी भए २६ वटा भन्दा बढी बंगुर पालन गरि व्यावसाय सुरु गरेको फर्मलाइ मानिने छ।

**४.व्यावसायिक कुखुरा फर्मको वर्गीकरण :**

**क.साना व्यावासायिक कुखुरा फर्म :**

२००-१००० वटा लेयर्स, ब्रोइलर वा ५०-१०० स्थानीय जातको कुखुरा,टर्की,हाँस,बट्टाई पालन गरि व्यावसाय सुरु गरेको फर्मलाइ मानिने छ।

**ख. मझ्यौला व्यावासायिक कुखुरा फर्म :**

१०००-३००० वटा लेयर्स, ब्रोइलर वा १००-५०० स्थानीय जातको कुखुरा,टर्की,हाँस,बट्टाई पालन गरि व्यावसाय सुरु गरेको फर्मलाइ मानिने छ।

**ग. ठूला व्यावासायिक कुखुरा फर्म :**

३००० वटा देखि माथि लेयर्स, ब्रोइलर वा ५०० देखि माथि स्थानीय जातको कुखुरा,टर्की,हाँस,बट्टाई पालन गरि व्यावसाय सुरु गरेको फर्मलाइ मानिने छ।

**५.माछा पालन फर्म :**

**क.साना व्यावसायिक माछा फर्म :**

कम्तिमा १ रोपनी देखि ५ रोपनी सम्म पोखरी निर्माण गरि व्यावसायिक रुपमा माछा पालन व्यावसाय गरेको हुनु पर्नेछ।

**ख. मझ्यौला व्यावसायिक माछा फर्म :**

कम्तिमा ६ रोपनी देखि १० रोपनी सम्म पोखरी निर्माण गरि व्यावसायिक रुपमा माछा पालन व्यावसाय गरेको हुनु पर्नेछ।

**ग.ठूला व्यावसायिक माछा फर्म :**

रुक्माङ्गत भट्टराई
अध्यक्ष

कम्तिमा ११ रोपनी भन्दा माथि जग्गामा पोखरी निर्माण गरि व्यावसायिक रुपमा माँछा पालन व्यावसाय गरेको हुनु पर्नेछ ।

**६.मिश्रित फर्म :** माथिका न्युनतम परिधि पुरा गरेर एक भन्दा बढी किसिमका पशुपन्छी,तरकारी ,फलफूल,च्याउ,माछा एउटै व्यक्तिले व्यावसायिक तवरले पालन/खेती गरिएको हुनु पर्नेछ ।

## ८ .पशु तर्फको फर्म दर्ता प्रक्रिया :

- ✓ निवेदन
- ✓ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- ✓ दुइ वटा पासपोर्ट साइजको फोटो
- ✓ चौकिल्ला प्रमाणित
- ✓ चौकिल्ला प्रमाणितमा हस्ताक्षर गरेका व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि
- ✓ जग्गा भाडामा भए सो को सम्झौता पत्र
- ✓ व्यक्तिगत वा संगालोमा भए स्वघोसना/ मंजुरिनामा
- ✓ राजस्व बुझाएको रसिद (आर्थिक ऐन अनुसार)
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस
- ✓ न्युनतम मापदण्ड अनुसार व्यावसाय सुरु गरिसकेको वा व्यावसाय नवीकरणको हकमा वडाका पशुसेवा/ पशुस्वास्थ्य प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

## परिच्छेद ४

## नवीकरण तथा खारेजी प्रक्रिया

- ✓ नयाँ व्यावसाय सुरु गर्ने कृषकलाइ फर्म दर्ता प्रक्रियामा लगिनेछ तर निजको प्रतिबद्धता अनुसार व्यावसाय सुरु गरेको हुनु पर्नेछ । यदि निर्धारित समयसम्म पनि व्यावसाय सुरु नगरेको खण्डमा रैनादेवी छहरा गाउँपालिकाको निर्णय अनुसार फर्म खारेज वा कारवाही प्रक्रियामा लगिनेछ ।

कमाप्रत भट्टराई
अध्यक्ष

- ✓ दर्ता भएको फर्म कृषि तथा पशु विकास शाखाले आधिकारिक प्रमाण पत्र उपलब्ध गराउने छ |
- ✓ दर्ता भएको फर्म प्रत्येक वर्ष नयाँ आ.व.सुरु भएपछी नवीकरण गर्नु पर्नेछ |
- ✓ यस कार्यबिधी सुरु हुनु भन्दा अगाडी दर्ता भएको १ वर्ष अबधि पुरा भएको फर्म पनि नियमानुसार प्रत्येक वर्ष नयाँ आ.व. सुरु भएपछी नवीकरण गर्नु पर्नेछ |
- ✓ नयाँ फर्म दर्ता तथा नवीकरणमा लाग्ने शुल्क रैनादेवी छहरा गाउँपालिकाको निर्णय अनुसार हुनेछ |
- ✓ दर्ता भएको फर्मको समय समयमा अनुगमन गरिनेछ र कानुन विपरित कामकाज गरेको पाइएमा कामलाई रैनादेवी छहरा गाउँपालिकाको निर्णय बमोजिम कारबाही प्रक्रियामा लगिनेछ |

## परिच्छेद :५

## ९.कृषि तथा पशु सेवा शाखाको काम कर्तव्य र अधिकार

- ✓ क.पशुपन्छी फर्म पशु बिकास शाखामा अभिलेख राखी तिनीहरुको नियमन,प्रबर्धन,र अनुगमन गर्ने |
- ✓ ख. गाउँसभाबाट स्वीकृत पशुपन्छी फर्म पर्बर्धन र पशुपन्छी बजार पर्बर्धन कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने |

## परिच्छेद:६

## १०.थपघट वा हेरफेर गर्न सक्ने

१.यो कार्यविधिको कार्यान्वयनलाइ थप व्यवस्थित र प्रभावकारी बनाउन रैनादेवी छहरा गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट,हेरफेर तथा खारेज गर्न सक्नेछ |

२.यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अबरोध फुकाउने प्रयोजनका लागि रैनादेवी छहरा गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ |

रुक्माङ्गत भट्टराई
अध्यक्ष

**अनुसूची १**

**फर्म दर्ताको लागि निवेदनको ढाचा**

**रैनादेवी छहरा गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**लुम्बिनी प्रदेश, नेपाल**

**छहरा, पाल्पा**

**मिति :**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

रैनादेवी रैनादेवी छहरा गाउँपालिकाको कार्यालय,

छहरा, पाल्पा।

विषय: फर्म दर्ता गरि पाउ।

प्रस्तुत विषयमा रैनादेवी छहरा गाउँपालिका वडा न .......... मा मैले रोपनी/वटा संख्यामा मिति .................. देखि ...................खेति /पालन गर्दै आइरहेको वा मिति ......................भित्रमा ................................वटा वा रोपनीमा व्यावसायिक रुपमा खेती वा पालन गर्ने प्रतिबद्धता जनाउदै वार्षिक रु...........................................को कारोबार हुने गरि ..............................................................................नामको फर्म दर्ता गरि पाउ भनि तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी फर्म दर्ताको लागि यो निवेदन पेश गरेको छु।

रुक्माङ्गत भट्टराई
अध्यक्ष

निवेदक

नामथर :

ठेगाना :

सम्पर्क न.:

हस्ताक्षर :

# अनुसूची २

आवश्यक कागजातहरु

- ✓ निवेदन
- ✓ नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
- ✓ २ प्रति पासपोर्ट साइजको फोटो
- ✓ चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- ✓ जग्गा भाडामा भए सो को सम्झौता पत्र
- ✓ व्यक्तिगत वा संगोलमा भए स्वघोषणा /मंजुरिनामा
- ✓ राजश्व बुझाएको रसिद
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस
- ✓ वडाको कृषि/ पशु सेवा प्राविधिकको स्थलगत अनुगमन प्रतिवेदन

[illegible] भट्टराई
अध्यक्ष

अनुसूची ३

# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छहरा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

दर्ता नं.

दर्ता मिति

## ★ व्यवसाय/फर्म दर्ता प्रमाण-पत्र ★

यस रैनादेवी छहरा गाउँपालिकाको वडा नं................................ बस्ने श्री ........................ले व्यावसायीक रुपमा .......................गर्दै आउनुभएको ले तपाईको .......................................यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाण-पत्र प्रदान गरिएको छ।

व्यवसाय/फर्मको नाम :-

व्यवसाय/फर्मको पूँजीः-

व्यवसाय/फर्म रहेको स्थानः-

उद्देश्य :-

वार्षिक आम्दानी :-

सम्पर्क नं. :-अन्य निकायमा दर्ता भएको छ भने

प्यान नं. :-

निकायः-

दर्ता नं.:-

मितिः-

......................

व्यवसायीको दस्तखत

........................

प्रमुख प्रशासकीय अधिकृत

...त भट्टराई

अध्यक्ष

# नवीकरण सम्बन्धी विवरण

फर्मको नाम :

ठेगाना :

| नवीकरण मिति | असुल आ.व. | रसिद नं./ मिति | प्रमाण पत्रको मान्य अवधि | नवीकरण गर्ने अधिकारीको | |
|---|---|---|---|---|---|
| | | | | दस्तखत | कार्यालयकोछाप |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रत्येक १/१ वर्षमा फर्म नवीकरण गर्नु पर्नेछ ।